# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०८२/०८३
च.नं.:-

मितिः-२०८२।०५।०३

## सूचना । सूचना ॥ सूचना ॥।

## सूचना प्रकाशित मितिः- २०८२।०५।०३

जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं.९ स्थितको मरलहिया पोखरी, ओम पेट्रोल पम्प नजिकको पोखरी, धोबियाही पोखरी, तेलिया पोखरी र ज.न.पा. १२ स्थितको आशनारायण घर अगाडिको पोखरी र बनखत पोखरी, वडा नं. ६ स्थितको कृष्ण भन्ने सार्वजानिक पोखरी, वडा नं.८ स्थितको गौतमान सागर पोखरी, सपही पोखरीहरुको आ.व. २०८२।०८३ को २०८२ साल भाद्र २६ गते देखी आ.व. २०८७।०८८ को २०८७ साल असार मसान्त सम्मको लागि र वडा नं.६ स्थितको कित्ता नं. ८३ को परिक्रमा सार्वजनिक पोखरी र कित्ता नं.८२ को मुसहरी नजिकको सार्वजनिक पोखरीको, आ.व. २०८२।०८३ को २०८२ साल भाद्र २६ गते देखी आ.व. २०८७।०८८ को २०८७ साल भाद्र २५ गते सम्मका लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक माहानुभावहरुले निम्न शर्तको अधिनमा रही शिलबन्दी दरभाउ पत्र दिनहुन सर्वसाधारणको जानकारीको लागि यो १५ दिने सिलबन्दी दरभाउ पत्र दर्ता गराउन हुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१.उल्लेखित पोखरीको शिलबन्दी दरभाउ पत्र छुटाछुटै दिनुपर्ने छ र शिलबन्दी दरभाउ पत्र खाममा पोखरीको नाम र कित्ता नं. भए कित्ता नं. उल्लेख भएको हुनु पर्ने छ ।
२. दरभाउ पत्र फाराम दस्तुर यस कार्यालयबाट पछि फिर्ता नहुने गरी रु.१,०००।- तिरी १५औं दिन सम्म यस कार्यालयबाट कार्यालय समय सम्म खरिद गर्न सकिने छ ।
३. शिलबन्दी दरभाउ पत्र १६ औं दिन दिनको १:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।
४.पर्न आएको शिलबन्दी दरभाउ पत्र १६ औं दिन दिनको ३ :०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोलिने काम रोकिने छैन ।
५. शिलबन्दी दरभाउ पत्र दिने व्यक्ति नेपाली नागरिक भएमा ५ प्रतिशत तथा गैर नेपाली नागरिक भएमा १० प्रतिशत यस कार्यालयको जलेश्वर स्थित रहेको रा.बा. बैंकमा धरौटी हि.नं. १२७०१००३०३००००३ मा जम्मा गरेको बैंक भाउचर सक्कल, टिकट वापत रु.१०।-को नोट तथा फर्मको हकमा २०८३ अषाढ मसान्त सम्म नविकरण सहितको फर्म लगायत अन्य प्रमाणपत्रको प्रतिलिपि सम्वन्धी कागजातहरु र व्यक्तिको हकमा ना.प्र.पत्रको फोटोकापी समेत दरभाउ पत्र साथ संलग्न राखि पेश गर्नुपर्ने छ तथा धरौटी रकम नगदलाई मान्यता दिईने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

अधिकृत 'सातौं'

"पवित्र,सुन्दर,हरित,समृद्ध जलेश्वर"

web:www.jaleshwarmun.gov.np,info@jaleshwarmun.gov.np

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०८२/०८३
च.नं.:-

मितिः-२०८२।०५।०३

६. सबै भन्दा बढी कबुल अंकवालाको ठेक्का स्वीकृत भएपछि तोकिएको समयमा पट्टा उठाउनु पर्नेछ । पट्टा उठाउन नआएमा राखेको धरौटी रकम जफत गरी नियमानुसार क्रमशः ठेक्का अर्कोलाई दिने नदिने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. ठेक्का स्विकृत भएपछि स्वीकृत ठेक्का अंकको प्रथम किस्ताको रकम यस कार्यालयमा बुझाउनुपर्ने र दामासाहीले १ किस्ता बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्ग बैंकको कम्तीमा १ वर्ष म्याद भएको बैंक जमानी पत्र वा २ किस्ता बराबरको नगदै रकम यस कार्यालयमा प्राप्त भएपछि पट्टा दिने र कबुलियतको कार्य हुनेछ । र वडा नं.६ स्थितको कित्ता नं.८३ को परिक्रमा सार्वजनिक पोखरी र कित्ता नं.८२ को मुसहरी नजिकको सार्वजनिक पोखरीको सम्बन्धमा प्रथम किस्ताको रकम यस कार्यालयमा नगदै रकम प्राप्त भए पछि पट्टा दिने र कबुलियतको कार्य हुनेछ । साथै अन्य किस्ताको हकमा अगामी वर्ष श्रावण मसान्त भित्र अर्को किस्ता बुझाउनु पर्ने छ र सो नबुझाएमा ठेक्का रद गर्ने तर्फ कार्यवाही भै जाने छ ।

८. किस्ताको हकमा कबुल अंकको ५ किस्ता कायम गरिनेछ ।

९.दरभाउ पत्र फाराममा कुनै किसिमको शर्त वा कैफियत उल्लेख गर्न पाईने छैन । उल्लेख गरेको दरभाउ पत्र स्वतः रद्ध हुनेछ ।

१०. ठेकदारको सम्झौता गर्दा ठेक्का अनुसारको सम्पुर्ण किस्ता रकम एकमुस्ट बुझाएमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

११. नगरपालिकाले तोकिएको समयमा किस्ता रकम नबुझाएमा १० प्रतिशत ब्याज सहित असुल गरिनेछ । वा नियमानुसार ठेक्का रद्ध गरि धरौटी जफत गर्न सकिनेछ ।

१२. ठेक्का लिदाँ नेपाल सरकारलाई बुझाउनु पर्ने कर , दस्तुर स्वयम् ठेकेदारले नै बुझाउनु पर्नेछ र बुझाएको प्रमाण पेश हुन आएमा धरौटी रकम फिर्ता गरिनेछ ।

१३. पोखरीको चलन गर्दा साविकको आकार प्रकारमा न.पा. को स्वीकृती विना कुनै पनि किसिमले हेरफेर गर्न पाईने छैन ।

१४. पोखरीमा कुनै किसिमको विकास निर्माण कार्य गर्नु परेमा नगरपालिका कार्यालयले कुनै समयमा कुनै काम गर्न सक्नेछ । विकास निर्माणको कार्य गर्दा क्षतिपुर्ति सम्बन्धमा न.पा. को निर्णय अनुसार हुनेछ ।

१५. ठेक्का लिदाँ हुने हानी नोक्सानी, दैवी प्रकोप वा अन्य हानी नोक्सानीको जवाफदेही कार्यालयको नभई स्वयं ठेकदार नै हुनेछ । अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।

१६. यस कार्यालयको कुनै पनि ठेक्काको रकम बाकी रहेको व्यक्तिलाई ठेक्का दिइने छैन ।

१७. नगरपालिकाले दिएको निर्देशन र निर्णयको पालन ठेकदारले गर्नुपर्ने छ ।

१८. कबुल अंकमा ठेक्का दिने नदिने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१९. रित नपुगेको वा म्याद नाघी आएको दरभाउ पत्र माथि कुनै किसिमको कार्यवाही गरिने छैन ।

अधिकृत 'सातौं'

प्रमुख प्रशासकीय अधिकृत

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०८२/०८३
च.नं.:-

मिति:-२०८२।०५।०३

२०.अन्य कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा राजश्व शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ । वा यस न.पा. कार्यालयको अफिसियल वेभसाइटमा समेत सूचना प्रकाशन भएको हेर्न सकिन्छ ।

२१. यस सुचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

२२. पोखरीहरुको न्यून्तम अंक :-

| क.स. | पोखरीको नाम | न्युनतम अंक |
|---|---|---|
| १. | ज.न.पा. वडा नं.६ स्थितको कित्ता नं. ८३ को परिक्रमा सार्वजनिक पोखरी | १८,००,०००।- (अठार लाख) |
| २. | ज.न.पा. वडा नं.६ स्थितको मुसहरी नजिकको सार्वजनिक पोखरी | १८,००,०००।- (अठार लाख) |
| ३. | कृष्ण भन्ने सार्वजनिक पोखरी, ज.न.पा. ६ | ७,६०,०००।-(सात लाख साठी हजार) |
| ४. | गौतमान सागर पोखरी, ज.न.पा. ८ | ५,६०,०००।-(पाँच लाख साठी हजार) |
| ५. | सपही पोखरी, ज.न.पा. ८ | ७५,०००।-(पचहत्तर हजार) |
| ६. | धोबियाही पोखरी, ज.न.पा. ९ | १३,८५,०००।-(तेर्ह लाख पच्चासी हजार) |
| ७. | मरलहिया पोखरी, ज.न.पा. ९ | ४,५२,०००।-(चार लाख बाउन्न हजार |
| ८. | तेलिया पोखरी, ज.न.पा. ९ | ८,१८,०००।-(आठ लाख अठार हजार) |
| ९. | ओम पेट्रोल पम्प नजिकको पोखरी, ज.न.पा.९ | ४,५१,०००।-(चार लाख एकाउन्न हजार) |
| १०. | आशनारायण घर अगाडिको पाखरी, ज.न.पा. १२ | ६,३९,०००।-(छ लाख उनन्चालिस हजार) |
| ११. | बनखत पोखरी, ज.न.पा. १२ | १,२८,०००।-(एक लाख अठाइस हजार) |

अधिकृत 'सातौं'

प्रमुख प्रशासकीय अधिकृत

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०८२/०८३
च.नं.:-

मितिः-२०८२।०५।०३

सूचना प्रकाशित मिति २०८२।०५।०३ गते

## पसल घरहरुको भाडा लगाउने सम्बन्धी सूचना

जलेश्वर न.पा.वा.नं.२ स्थित अतीथि गृहमा रहेको पसलघर नं.४ र यस न.पा. स्थितको पसलघर नं.३ भाडा लगाउन आ.व.२०८२।०८३ को २०८२ साल भाद्र २६ गते देखि आ.व.२०८४/०८५ को २०८४ साल भाद्र २५ गते सम्म वर्ष २ को लागि पसल घर भाडा लिने इच्छुक महानुभावहरुले निम्न शर्तको बन्देजमा रही टिकट वापत रु.१०।- नगदै संलग्न राखि सिलवन्दी दरभाउ पत्र पेश गर्न सम्वन्धीत सवैमा जानकारीको लागि यो प्रथम पटक १५ दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म ,संघ,संस्थाको हकमा २०८३ साल आषाढ मसान्त सम्मको लागि नविकरण भएको प्रमाणहरुको प्रमाणित प्रतिलिपिको साथ निवेदन तथा पछि फिर्ता नहुनेगरी प्रति पसल घरको रु.१,०००।- बुझाई यो सुचना प्रकाशित मिति देखि १५ औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको कर शाखावाट दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ ।

२. दरभाउ पत्र कबोल रकम अंक र अक्षर दुवैमा प्रष्टरुपमा भर्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

३. पसल घर भाडामा लिने एउटा व्यक्तिको नाँउमा १ पसल घर मात्र भाडामा दिने कार्य हुनेछ र प्रति पसल घरको छुट्टा- छुट्टै दरभाउ पत्र पेश गर्नु पर्ने छ ।

४ यस कार्यालयवाट ठेक्का पट्टा वा अन्य बक्यौता बुझाउन बाँकी रहेका दरभाउ पत्र दाताको दरभाउ पत्र स्वीकृत गरिने छैन । त्यस्तो दरभाउ पत्र यस कार्यालयमा दर्ता हुन गएमा स्वतः बदर हुनेछ ।

५. धरौटी वापत नेपाली नागरिक वा फर्म, संघ संस्था भए कबोल अंकको दामासाहीले हुने ३ महिनाको भाडा रकम यस कार्यालयको रा.बा.बैक जलेश्वरमा रहेको धरौटी खाता नं.१२७०१००३०३००००३ खातामा जम्मा गरेको सक्कल भौचर सिलवन्दी दरभाउ पत्र साथ संलग्न गर्नुपर्ने छ र धरौटी बापतको नगद रकमलाई मान्यता दिईनेछैन ।

अधिकृत "सातौं"

प्रमुख प्रशासकीय अधिकृत

"पवित्र,सुन्दर,हरित,समृद्ध जलेश्वर"

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०८२/०८३
च.नं.:-

मितिः-२०८२।०५।०३

६. व्यक्ती, फर्म वा संस्थाको नामवाट खरिद भएको दरभाउ पत्र अरु व्यक्ति,फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन । त्यस्तो दरभाउ पत्र पेश भै दर्ता हुन गएमा पनि स्वतः बदर हुनेछ ।

७. शिलवन्दी दरभाउ पत्र यो सूचना प्रकाशित मिति देखि १६ औ दिन को १:०० बजे यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । उक्त दरभाउ पत्र १६ औ दिन दिनको ३:०० बजे दरभाउ पत्र दाता वा निजको वारेसहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउ पत्र दाता वा निजको वारेसहरु उपस्थित नभए पनि दरभाउ पत्र खोल्ने काम रोकिने छैन । दरभाउ पत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनको सोही समयमा खरिद तथा दाखिला गर्न सकिने छ ।

८. पसल घरको भाडा रकमलाई दुई किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता १ वर्ष बराबरको भाडा रकम चलन पुर्जी लिने दिन र १ वर्षको कुल भाडा रकम २०८३ साल भाद्र मसान्त सम्ममा बुझाउनु पर्नेछ ।

९ पसल घर सम्वन्धी दैवी प्रकोप वा अन्य मानवीय एवं प्राकृतिक कारणवाट हुने हानी नोक्सानी जिम्मेवारी यस कार्यालयको नभै पसल घर भाडा लिने व्यक्तिको हुनेछ । स्वीकृत भाडा रकममा बन्द, हरताल आदि जस्ता कारणवाट कुनै पनि छुट वा मिनहाको दावी गर्न पाईनेछैन ।

१०.. पसल घर भाडा सम्वन्धित काममा लाग्ने सरकारी कर, दस्तुर आदि पसल घर भाडा लिने व्यत्तिले बुझाउनु पर्नेछ र पसल घर भाडा अवधि सम्पन्न भएपछि म्याद थप गर्ने वा नगर्ने र भाडा रकम वृद्धि गर्ने वा नगर्ने अधिकार नगरपीलकाको निर्णय अनुसार हुनेछ ।

११. पसल घर भाडा दिने वा नदिने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. रित नपुगी,म्याद नाघी तथा शर्त राखि पेश हुन आएको दरभाउ पत्र माथि कुनै कारवाही गरिने छैन ।

१३. यस सम्वन्धी अन्य कुरा बुझ्न आवश्यक भएमा यस कार्यालयको कर शाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

१४. यस सूचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१५. अतिथि गृहमा रहेको पसल घर नं.४ प्रति पसल मासिक रु.,५१००।- न्युनतम अंक कायम गरिएको छ ।

१६. ज.न.पा.स्थितको पसल घर नं.३ प्रति पसल मासिक रु.,५१७५।- न्युनतम अंक कायम गरिएको छ ।

अधिकृत 'साती'

प्रमुख प्रशासकीय अधिकृत